


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४१ | अंक ६ | नेपाल राष्ट्र बैंक समाचार | फागुन २०७३ | फेब्रुअरी-मार्च २०१७


## गभर्नर डा. चिरञ्जीबि नेपालद्वारा कार्यशाला गोष्ठीलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले माघ २ गते काठमाडौंमा Challenges and Threats for BFIs Pre-Post Capital Increment विषयक कार्यशाला गोष्ठीलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुभयो ।




IBN Media and Research Pvt. Ltd. र Nepal Bankers' Association को संयुक्त आयोजनामा सञ्चालित उक्त कार्यशाला गोष्ठीमा गभर्नर डा. नेपालले कुनै पनि देशका बैंक तथा वित्तीय संस्थाहरु अन्तर्राष्ट्रिय वित्तीय गतिविधिहरुबाट प्रभावित रहने बताउनु हुँदै अन्तर्राष्ट्रिय परिस्थिति र देशको अवस्था दुवैलाई दृष्टिगत गरेर नै केन्द्रीय बैंकले नीति, नियमहरु बनाउने गरेको उल्लेख गर्नुभयो र BFIs लाई पुँजी वृद्धिका लागि दिइएको अवधि पर्याप्त रहेको धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुको सूक्ष्म निगरानीका लागि Risk Based Supervision अवलम्बन गरिएको र बासल ३ अवधारणाको पनि अभ्यास सुरु भइसकेको जानकारी दिनुभयो। बैंक तथा वित्तीय संस्थाहरुलाई सर्वसाधारणको निक्षेपको हित र सुरक्षित लगानीलाई कर्तव्य ठान्न आग्रह गर्नुहुँदै उहाँले अर्थतन्त्रको आकारमा भएको वृद्धिसँगै देखिएका अवसरहरुको उपयोग गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई सुझाव पनि दिनुभयो ।

सोही क्रममा गभर्नर डा. नेपालले देशका अधिकांश जनता वित्तीय पहुँच बाहिर रहेकोले वित्तीय पहुँच विस्तार र वित्तीय साक्षरताका लागि नेपाल राष्ट्र बैंकले विशेष जोड दिएको बताउनु भयो। सरकारको पुँजीगत खर्च वृद्धि हुने अपेक्षा गर्नुहुँदै उहाँले नेपालको बैंकिङ क्षेत्र सुदृढ, सक्षम र विश्वासिलो बन्दै गएको धारणा पनि राख्नुभयो ।

उक्त कार्यशाला गोष्ठीमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले बैंक तथा वित्तीय संस्थाहरुले पुँजी वृद्धिको अवस्थाका सम्बन्धमा प्रकाश पार्नु भएको थियो। गोष्ठीमा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष लगायत बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु तथा अर्थविद्हरुको उपस्थिति रहेको थियो ।

## गभर्नर डा. नेपालद्वारा वित्तीय संस्थाको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले माघ ७ गते नवलपरासीको गैंडाकोटमा इन्फिनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको एक कार्यक्रम बीच समुद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले गरिबीको सघनता विशेष गरी दुर्गम एवम् ग्रामीण क्षेत्रमा रहेको तथा प्राकृतिक साधन स्रोत, उत्पादनमुलक व्यवसाय र रोजगारीमा गरिबको पहुँच अत्यन्त न्यून रहेकोले वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आर्थिक क्रियाकलाप बढाई रोजगारी सिर्जना गरी आयस्तरमा सुधार ल्याउन लघुवित्त वित्तीय संस्थाहरुको भूमिका महत्त्वपूर्ण हुने बताउनु भयो। लघुवित्त संस्थाहरु विपन्न तथा निम्न वर्गको आर्थिक तथा सामाजिक अवस्थामा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ

बाँकी ५ पेजमा

# गभर्नर डा. नेपालद्वारा संयुक्त कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले माघ १९ गते रुपन्देही जिल्लाको सिद्धार्थनगरमा श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड र एभरेष्ट फाइनान्स लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत कारोबारको एक समारोह बीच शुभारम्भ गर्नुभयो ।



सो अवसरमा गभर्नर डा. नेपालले नेपालको अर्थतन्त्रको आकार बढाउन, आर्थिक स्थायित्व कायम गर्न, ठुला परियोजनाहरुका लागि पुँजीको आवश्यकता परिपूर्ति गर्न तथा सक्षम र सुरक्षित वित्तीय प्रणालीको विकासका लागि बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी वृद्धिको व्यवस्था ल्याइएको विचार व्यक्त गर्नु भयो ।

नेपालमा लगानीको लागि प्रशस्त संभावना रहेकोले अवसरहरुको उपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तीहरुमा बैंकिङ वा विस्तार गरी लगानीको दायरा फराकिलो पार्न बैंक तथा वित्तीय संस्थाहरूलाई उहाँले सुझाव दिनुभयो । गभर्नर डा. नेपालले सीप र जाँगर भएका सर्वसाधारणलाई वित्तीय स्रोत प्रदान गरी आयआर्जन वृद्धिमा वित्तीय संस्थाहरुको भूमिका महत्वपूर्ण रहेको बताउनु हुँदै वित्तीय संस्था पुगेको स्थानमा गरिब जनताले समेत वित्तीय स्रोत पाउने हुँदा गरिवी निवारणमा यस्ता संस्थाको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

गभर्नर डा. नेपालले कर्जा प्रवाहपश्चात् कर्जाको सदुपयोगिता सम्बन्धी नियमित रूपमा निरीक्षण गर्न, कर्जा लिने ग्राहकहरूलाई कर्जा सम्बन्धी शर्त तथा व्यवस्थाका बारेमा राम्रोसँग जानकारी दिन, कृषि, पर्यटन, ऊर्जा जस्ता उत्पादनशील क्षेत्रमा बढी भन्दा बढी कर्जा प्रवाह गरी उत्पादनमूलक क्षेत्रलाई बढावा दिन र जनताको निक्षेपको पहरेदार भएर कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरूसँग अनुरोध गर्नुहुँदै नाफामुखी मात्र नहुन बैंक तथा वित्तीय संस्थाहरूका संचालकहरूसँग आग्रह समेत गर्नुभयो ।

सो कार्यक्रममा गभर्नर डा. नेपालले सबै नेपालीको बैंक खाता होस् र सबै आर्थिक कारोबार बैंकिङ प्रणालीबाट मात्रै होस् भन्ने चाहना नेपाल राष्ट्र बैंकको रहेको बताउनु हुँदै विदेशबाट पैसा पठाउँदा इजाजतपत्र प्राप्त संस्थाहरूबाट मात्रै पठाउन पनि आग्रह गर्नुभयो ।

# गभर्नर डा. नेपालद्वारा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले माघ २० गते पाल्पाको दोभान गा. वि. स. स्थित तिलोत्तमा उच्च माध्यमिक विद्यालय, झुम्सामा आयोजित 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रममा सहभागी हुनुभयो ।




कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले पैसाको महत्व बुझाउन, बचत गर्ने बानीको विकास गर्न, नागरिकहरूलाई उद्यमशीलतातर्फ प्रेरित गर्नका लागि नेपाल राष्ट्र बैंकले विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम संचालन गर्दै आएको बताउनु भयो । सो अवसरमा उहाँले व्यक्तिको इच्छा र आकांक्षा असीमित भए पनि अत्यावश्यक ठाउँमा मात्र खर्च गर्ने बानी बसाल्नु पर्छ र लगानी पनि सही ठाउँमा मात्र गर्नुपर्छ भन्ने ज्ञान नै वित्तीय साक्षरता हो भन्नुभयो । थोपा थोपा मिली समुन्द्र बने जस्तै सानोतिनो बचतबाट भोलिका दिनमा ठुलो बचत हुने र समुचित बचतलाई सही ठाउँमा लगानी गर्दै गयो भने भविष्यमा ठुलो व्यवसायी वा उद्यमी बन्न सकिने कुरा गभर्नर डा. नेपालले सो कार्यक्रममा उल्लेख गर्नुभयो । आजका सानासाना बालकबालिका नै भविष्यका कर्णधार जिम्मेवार व्यक्तित्व हुने हुँदा आजका दिनदेखि नै असल र मिलनसार भई अध्ययन अध्यापनमा लाग्न उपस्थित बालबालिकहरूसँग उहाँले आग्रह पनि गर्नुभयो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतिप्रसाद नेपालले 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा विद्यालयका प्राचार्य र अध्यक्षले पनि मन्तव्य राख्नु भएको थियो ।

# गभर्नर डा. नेपाल र City of London को प्रतिनिधि मण्डल बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको City of London का Lord Mayor Rt. Hon. Dr. Andrew Parmley को नेतृत्वमा आएको सात सदस्यीय प्रतिनिधिमण्डलले माघ ११ गते गभर्नरको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्‍यो ।

भेटवार्तामा नेपालमा लगानीका सम्भावनाहरू बारे छलफल भयो । सो अवसरमा Lord Mayor Rt. Hon. Dr. Parmley ले DFID द्वारा तयार पारेको Project Finance Summary Report गभर्नर डा. नेपाललाई हस्तान्तरण गर्नुभयो । उक्त प्रतिवेदनका आधारमा बैदेशिक लगानी सम्बन्धी नियमनका प्रावधानहरू आवश्यक परिमार्जनमा सहयोग पुग्ने विचार गभर्नर डा. नेपालले उल्लेख गर्नुभयो ।

गभर्नर डा. नेपालले DFID तथा संयुक्त अधिराज्य सरकारले नेपाललाई प्रदान गरेको विभिन्न बैदेशिक सहयोगको लागि धन्यवाद दिनुभयो । Rt. Hon. Dr. Parmley र UK का राजदूत Richard Morris ले नेपालमा लगानी आकर्षक गर्न विभिन्न सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।



# समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि, वित्तीय समावेशीकरण र पहुँच सम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा पुस २३ गते विराटनगरमा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि, वित्तीय समावेशीकरण र पहुँच विषयक एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको तरलता तथा ब्याजदरको अवस्था बारे प्रकाश पार्नुभयो । उहाँले देशको आर्थिक स्थितिको चर्चा गर्दै चालू आर्थिक वर्षमा कृषि क्षेत्रमा उत्साहजनक प्रगति देखिनुको साथै उद्योग क्षेत्रको क्षमता उपयोग बढ्दै गएकोले समग्र आर्थिक अवस्थामा सुधार आई ६.५ प्रतिशतको लक्षित आर्थिक वृद्धिदर हासिलमा सघाउ पुग्ने बताउनु भयो । नेपाल राष्ट्र बैंकले लिएको नीतिले बैंकिङ क्षेत्रको सबलीकरण र वित्तीय स्थायित्वमा महत्वपूर्ण योगदान पुर्‍याएको बताउनु हुँदै उहाँले उद्योग व्यवसायीका उचित माग सम्बोधन गर्न नेपाल राष्ट्र बैंक सदा तत्पर रहेको समेत बताउनु भयो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यलयका निर्देशक राजेन्द्र पण्डितले नेपालको समष्टिगत आर्थिक स्थितिको बारेमा र विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले विराटनगर कार्यालयको कार्य क्षेत्र अन्तर्गत रहेका नेपालका पूर्वी जिल्लाहरुको समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि, वित्तीय समावेशीकरण र पहुँच विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँहरुले छलफलमा उठेका प्रश्न तथा जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो ।

त्यसैगरी निजी क्षेत्रको तर्फबाट मोरङ्ग व्यापार संघका निवर्तमान अध्यक्ष श्री अविनाश बोहराले मुलुकको वर्तमान आर्थिक अवस्था र कृषि, उद्योग तथा व्यापार क्षेत्रका समस्याहरुको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भयो ।

विराटनगर कार्यालयका निर्देशक रामु पौडेलको सभापतित्वमा सम्पन्न उक्त कार्याक्रममा सोही कार्यालयका उपनिर्देशक डा. रामशरण खरेलले स्वागत मन्तव्य राख्नु भएको थियो भने अर्का उपनिर्देशक मनोहर बस्नेतले धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रम सञ्चालन सहायक निर्देशक श्री सुबोधमान श्रेष्ठले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा विराटनगर स्थित सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र कृषि, उद्योग तथा व्यापारिक संस्थाका प्रतिनिधिहरु लगायत प्राध्यापक, पत्रकार र स्थानिय बुद्धिजिबीहरुको समेत उपस्थिति रहेको थियो ।

# गभर्नर डा. चिरंजीबि नेपाल र बैंककर्मीहरू बीच छलफल

**गभर्नर डा. चिरंजीवि नेपाल र नेपाल बैंकर्स संघ, डेभलपमेण्ट बैंकर्स एसोसिएसन तथा नेपाल वित्तीय संस्था संघका पदाधिकारीहरु बीच माघ २६ गते समसामयिक बैंकिङ गतिविधिका सम्बन्धमा छलफल भयो । उक्त छलफलमा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक अवस्थाको बारेमा प्रकाश पार्नुहुँदै समसामयिक बैंकिङ गतिविधिका सम्बन्धमा नेपाल राष्ट्र बैंकको धारणा राख्नुभयो । प्रस्तुत छ– सो छलफलमा उहाँले व्यक्त गर्नुभएको धारणा । – सम्पादक**

१. हाल नेपालको आर्थिक स्थिति सुधारोन्मुख रहेको छ । कृषि उत्पादनमा सुधार आएको छ । औद्योगिक उत्पादन, पर्यटन र निर्माणजन्य गतिविधिमा विस्तार आएको छ । यस पृष्ठभूमिलाई आधार मान्दा मुलुकको आर्थिक वृद्धिदर लक्ष्यउन्मुख देखिएको छ ।

२. मुद्रास्फीति दर घटिरहेको छ । मुलुकको शोधनान्तर स्थिति बचतमा छ । विदेशी विनिमय संचिति पनि सुविधाजनक स्थितिमा छ ।

३. तर, आर्थिक गतिविधिले गति समातेको हालका दिनमा वित्तीय क्षेत्रमा भने केही घर्षण (Friction) देखिएको छ । बैंक तथा वित्तीय क्षेत्रमा हाल देखिएको वित्तीय असन्तुलनले आर्थिक गतिविधिमा प्रतिकूल असर नपारोस् र आर्थिक वृद्धिको गति धीमा नहोस् भन्नेतर्फ राष्ट्र बैंक सचेत छ ।

४. पछिल्लो समयमा आएर बैंक तथा वित्तीय संस्थाहरुको कर्जामा भएको आक्रामक विस्तारका कारण ऋणयोग्य रकमको अभाव, निक्षेप र कर्जा विस्तारको असन्तुलन, कर्जामा लिने र निक्षेपमा दिने ब्याज बीचको फासला, धितो लिलामी प्रक्रिया तथा जमानीकर्ताको दायित्वको हद लगायत कतिपय विषयहरुमा सम्मानित अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् संसदीय समितिमा समेत चर्चा तथा बहस हुने गरेको छ ।

५. विभिन्न संचार माध्यम र जनसाधारणबाट हुने गुनासो, हेलो सरकार मार्फत् हुने गुनासो एवम् यस बैंकको गुनासो व्यवस्थापन एकाइमा समेत थुप्रै गुनासोहरु प्राप्त हुने गरेका छन् । यिनै समसामयिक विषयहरुमा बैंक/वित्तीय संस्था सम्बन्धी संघका पदाधिकारीहरुसँग बसी छलफल गर्ने, स्वनियमन (Self Regulation) एवम् विवेकीय अभ्यास (Prudent Practices) को सुनिश्चितता गरी नेपाल राष्ट्र बैंकले अरु थप कडाइका उपाय अवलम्बन गर्नुपूर्व नै बैंक तथा वित्तीय संस्थाहरु वित्तीय अनुशासनमा बढी सजग रहुन् भन्ने उद्देश्यले नैतिक दबाव (Moral Suasion) का लागि हामी भेला भएका हौं ।



## ब्याजदरमा देखिएको बेथिति

६. ऋणयोग्य रकमको अभावमा प्रवाह भइरहेको कर्जामा एकैपटक ५/६ प्रतिशत विन्दुसम्मको उच्च वृद्धि देखिएकोमा राष्ट्र बैंकको ध्यानाकर्षित भएको छ । मुद्दती निक्षेपको ब्याज बढाइए पनि स-सानो र स्थायी प्रकृतिको निक्षेपको रुपमा रहने बचततर्फको ब्याजदर बढेको छैन । ५ प्रतिशतको ब्याजदर अन्तर (Spread) निष्प्रभावी जस्तै देखिएको हुँदा यसतर्फ राष्ट्र बैंक सोच्न बाध्य भएको छ । हालै पारित वित्तीय क्षेत्र विकास रणनीति अनुसार पनि आर्थिक वर्ष २०७७/७८ सम्ममा यस्तो अन्तर (Spread) ४.४ प्रतिशत भन्दा कम गर्ने लक्ष्य अनुरुप अघि बढ्नु पर्ने देखिएको छ ।

## धितो, जमानी, सकार र लिलाम व्यवस्था

७. केही बैंक वित्तीय संस्थाहरुबाट भएको असामान्य र अस्वाभाविक व्यवहारका कारण सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम १४ बुँदामा निर्देशन जारी गर्नु परेको छ । बैंक तथा वित्तीय संस्थाले स्वच्छ, पारदर्शी एवम् निष्पक्ष व्यवहार नगरेको कारण यो स्थिति देखापरेको हो । ऋणी र ऋणसँग सम्बन्धित लिखत तमसुक एवम् प्रमिसरी नोट जस्ता कानुनी कागजातहरुमा दोहोरो अर्थ नलाग्ने स्पष्ट प्रावधानहरु हुनुपर्नेमा सो हुन नसकेको गुनासो छ । यसतर्फ ध्यान दिनु जरुरी छ ।

## पुँजी वृद्धि

८. २०७४ असार मसान्तमा चुक्ता पुँजी पुऱ्याउने सम्बन्धमा हालसम्मको प्रगति हेर्दा "क" वर्गका ५ वटा लगायत "ख" र "ग" वर्गका धेरै संस्थाहरुको पुँजी वृद्धि योजना नाजुक अवस्थामा देखियो । निर्देशन अनुसारको पुँजी नपुग भएमा आवश्यक करबाही गरिनेछ । यसका साथै

क्रमश: ५ पेजमा

पुँजी वृद्धिको विषयसँग व्यवसाय आबद्ध गरी बढी जोखिमपूर्ण लगानी नगर्न पनि सुझाव गरिएको छ। पुँजी वृद्धिलाई शेयर लगानीकर्ताहरुले Return on Equity (ROE) सँग लिने गरे तापनि नेपाल राष्ट्र बैंकले पुँजीको आधार बलियो बनाई वित्तीय प्रणालीको जोखिम कम गर्दै समग्र वित्तीय प्रणालीको वित्तीय स्थायित्वसँग जोडेको अवस्था हो।

**जोखिमयुक्त क्षेत्र कर्जा**

९. घरजग्गा/रियल स्टेट तथा मार्जिन लेण्डिङ्गतर्फ Loan-to-Value (LTV ratio) तोकिएको भए तापनि सवारी साधन कर्जातर्फ यस्तो Ratio तोकिएको छैन। बैंक तथा वित्तीय संस्थाहरुले ९० प्रतिशतसम्म कर्जा सुविधा (Financing) गरेको अवस्था बुझिन्छ। यसतर्फ LTV तोक्नु पर्ने हो कि भन्ने नेपाल राष्ट्र बैंकको धारणा छ। त्यस्तै, ओभरड्राफ्ट कर्जातर्फ पनि केही नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ। यस बैंकले निर्देशनात्मक व्यवस्था गर्नुपूर्व सम्बन्धित बैंक/वित्तीय संस्थाले नै स्वनियमनमा बसी आफ्नो पोर्टफोलियो आफै मिलाउँदा राम्रो हुने हो।

**उत्पादनशील क्षेत्र कर्जा**

१०. तोकिएको उत्पादनशील क्षेत्र कर्जा विस्तार नगरेमा आगामी २०७४ असार मसान्तदेखि मौद्रिक हर्जाना लाग्ने हुँदा सबै बैंक/वित्तीय संस्थाहरुले यसतर्फ यथोचित ध्यान दिनु पर्नेछ। तोकिए बमोजिम कर्जा प्रवाह गरी मौद्रिक हर्जाना असुल गर्नु नपर्ने अवस्था रहोस् भन्नेतर्फ नेपाल राष्ट्र बैंकको धारणा रहेको छ।

**सीसीडी अनुपात र कल डिपोजिटमा देखिएको विसंगति**

११. ऋणयोग्य रकमको अभाव भएको दर्शाई Credit - Core Capital and Deposit (CCD) Ratio बढाउन यस बैंकलाई विभिन्न क्षेत्रबाट प्रत्यक्ष/अप्रत्यक्ष दबाव आएको अवस्था छ। मौद्रिक अधिकारीले अल्पकालीन तरलता व्यवस्थापन गर्ने र भुक्तानीमै असहजता देखिएमा Emergency Liquidity Support गर्ने हो। कर्जा लगानीका लागि दीर्घकालीन साधन केन्द्रीय बैंकबाट उपलब्ध हुँदैन। नोट छापेर वित्तीय साधन उपलब्ध गराउने कुरै हुँदैन। तरलताको अभाव भयो भन्ने भ्रम तोड्नु पर्‍यो। तरलताको अभाव होइन, ऋण प्रवाह गर्न CCD का कारण नपाएको अवस्था हो, पैसा नभएको अवस्था होइन। Bank Run हुने पो हो कि भन्ने भ्रम आम जनमानसमा जान दिनु भएन। त्यस्ता खाले क्रियाकलाप पनि गर्नु भएन। अर्को कुरा CCD मा कुनै Upward Revision हुँदैन। यसमा कुनै दबाबले काम गर्दैन। उपयुक्त समयमा CCD को सट्टा CD प्रयोगमा ल्याउने नेपाल राष्ट्र बैंकको सोच रहेको छ। यस्तो अनुपात अनुगमन अवश्यक परेमा दिनहुँ गर्ने र सीमाभित्र नरहेमा आवश्यक कारबाही समेत अघि बढाइने छ।

१२. त्रयमासको अन्त्यमा मात्र CCD कायम गर्ने उद्देश्यले केही बैंकहरुले अन्य वित्तीय संस्थाहरुलाई अन्तर-बैंक कर्जा दिने र अन्तर-बैंक कर्जादर भन्दा ०.५ प्रतिशतसम्म बढी ब्याजदर प्रस्ताव गरी कागजी कारोबार सिर्जना गरी यस बैंकको निर्देशन छल्न खोजेको देखियो। यस्तो Unfair Practice बन्द गर्न संघ मार्फत् पहल होस् भन्ने नेपाल राष्ट्र बैंकको चाहना छ। यसको नियमित अनुगमन गरिने छ र सुधार नभएमा नेपाल राष्ट्र बैंक उपयुक्त कदम चाल्न बाध्य हुनेछ।

१३. प्राकृतिक व्यक्तिले Call Deposit खोल्न नदिने व्यवस्था गर्न आवश्यक देखिएको छ। त्यसैगरी Call Deposit मा Saving Deposit भन्दा बढी ब्याज दिन नपाइने व्यवस्था गर्न समेत आवश्यक देखिएको छ।

यस सम्बन्धमा यहाँहरुको समेत धारणा आओस् भन्ने चाहना छ।

१ पेजको बाँकी

# गभर्नर डा. नेपालद्वारा ...

स्थापित संस्था भएको हुँदा उच्च मुनाफातर्फ मात्र ध्यान नदिई विपन्न वर्गको उत्थानमा टेवा पुग्ने गरी संस्था सञ्चालन गर्नुपर्ने धारणा पनि उहाँले राख्नु भयो।

नेपालमा ठूलो मात्रामा खाद्यान्न, फलफूल र तरकारी लगायतका कृषिजन्य वस्तुहरुको आयात बढ्दै गएको उल्लेख गर्नुहुँदै गभर्नर डा. नेपालले कृषिमा आधारित परियोजनाहरुको विकास र विस्तार गर्न लघुवित्त संस्थाहरुले जोड दिनुपर्ने कुरा सो कार्यक्रममा बताउनु भयो। कृषिको बजारीकरणलाई विकास गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरु अग्रसर हुनुपर्ने पनि उहाँले उल्लेख गर्नुभयो।

सो कार्यक्रममा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत उच्च गरिबी रहेका पहाडका १० जिल्लाहरु र गरिबीको गहनता तुलनात्मक रुपमा बढी भएका तराईका ११४ गाउँ विकास समिति र ४ वटा नगरपालिकाहरुमा कृषि तथा आयमूलक व्यवसायलाई प्रोत्साहन गर्न १ प्रतिशत ब्याजदरमा पुनर्कर्जा सुविधा उपलब्ध गराउने नीति लिएको जानकारी दिनुभयो। नेपालका ग्रामीण क्षेत्रमा साना कर्जाको उच्च माग रहेको कुरा बताउनु हुदै उहाँले बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रहरुमा शाखा विस्तार गरी सुलभ कर्जा कार्यक्रम ल्याउन सल्लाह दिनुभयो।

बैदेशिक रोजगारीको लागि युवा जनशक्ति पलायन हुने प्रवृत्ति उच्च रहेको चर्चा गर्नु हुदै गभर्नर डा. नेपालले स्वदेशमा नै उद्यमशीलताको विकास गरी रोजगारी सिर्जना गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गर्न बैंक तथा वित्तीय संस्थाहरुसँग आग्रह गर्नुभयो। उहाँले इन्फिनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले गैंडाकोट क्षेत्रको आर्थिक विकासमा उच्च योगदान दिने विश्वास पनि व्यक्त गर्नु भयो।

गभर्नर डा. नेपालले सोही दिन रुपन्देहीको बुटवलमा आयोजित बुटवल जेसिजको ४३ औं पद हस्तान्तरण कार्यक्रमलाई पनि सम्बोधन गर्नुभयो।

# वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

सिद्धार्थनगर कार्यालयले डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा पुस २४ गते श्री रिडी माध्यमिक विद्यालय रिडी, गुल्मीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले वित्तीय चेतना अभिवृद्धिले पैसाको प्रयोग योजनाबद्ध तरिकाले गर्न सिकाउने तथा बचत, कर्जा, बिमा, विप्रेषण, लगानी आदिको सही जानकारीले जीवनमा समृद्धि हासिल गर्न सकिने कुरा बताउनु भयो । सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले वित्तीय चेतना सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै वित्तीय चेतनाका विविध आयाम, महत्व तथा आवश्यकताका बारेमा प्रकाश पार्नुभयो ।

गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यको समेत उपस्थिति रहेको सो कार्यक्रममा विद्यालयका शिक्षक शिक्षिकाहरु, स्थानीय सञ्चारकर्मी, स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधि लगायत कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको उत्साहजनक सहभागिता रहेको थियो ।




सिद्धार्थनगर कार्यालयका सहायक दीपक गौतमले स्वागत मन्तव्य दिनु भएको उक्त कार्यक्रम सहायक शंकर भट्टराईले सञ्चालन गर्नु भएको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठद्वारा बैंक शाखा उद्घाटन

डेपुटी गभर्नर शिवराज श्रेष्ठले माघ १७ गते नेपाल बंगलादेश बैंकको ४२ औं शाखा पर्वत जिल्लाको कुश्मा बजारमा एक कार्यक्रम बीच उद्घाटन गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथि डेपुटी गभर्नर श्रेष्ठले बैंक तथा वित्तीय संस्थाको विस्तारबाट जनताको वित्तीय पहुँच बढ्नुका साथै उद्योगधन्दाका लागि वित्तीय श्रोत समेत उपलब्ध हुने बताउनु भयो । उहाँले वित्तीय पहुँच विस्तारका लागि नेपाल राष्ट्र बैंकले काठमाण्डौं उपत्यका तथा मुख्य सहर भन्दा बाहिर शाखा खोल्न प्रोत्साहन गर्दै आएको उल्लेख गनुभयो । वर्तमान समयमा बैंकमा देखिएको तरलताको समस्या समाधानका लागि उहाँले सबैको सहयोगको अपेक्षा गर्नुभयो । पर्यटकीय सम्भावनाका साथै जलविद्युत उत्पादनमा पनि नमुनाका रुपमा रहेको पर्वत जिल्लामा बैंक तथा वित्तीय संस्थाले बचत तथा कर्जामा मात्र केन्द्रित नभई वित्तीय साक्षरता, वित्तीय पहुँच, सामाजिक उत्तरदायित्व, सुशासन आदिमा पनि आफूलाई अब्बल बनाएर ग्राहकको मन जित्नुपर्ने धारणा उहाँले राख्नुभयो ।

उद्योग वाणिज्य संघ, पर्वतका सभापति हरिओम शर्मा लामिछानेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पर्वत जिल्लाका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद मरासिनी विशेष अतिथिका रुपमा रहनु भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारी, नेपाल बंगलादेश बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुंगाना लगायत विभिन्न बैंकका शाखा प्रबन्धकहरु, उद्योगी व्यवसायी तथा स्थानीय व्यक्तिहरुको सहभागिता रहेको थियो ।

## पोखरा कार्यालयमा निर्माणाधीन पर्खालको अनुगमन तथा निरीक्षण

डेपुटी गभर्नर शिवराज श्रेष्ठले माघ १६ गते पोखरा कार्यालयमा निर्माणाधीन पर्खाल तथा अन्य भौतिक संरचनाहरुको निरीक्षण गर्नुभयो । पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारीले निर्माण कार्यको प्रगतिबारे उहाँलाई जानकारी गराउनु भयो । डेपुटी गभर्नर श्रेष्ठले सम्झौता अनुसार कार्य गर्न र निर्माणका दौरान आइपरेका समस्याको निकास आपसी छलफलबाट निकाल्न सम्बन्धित सबै पक्षहरुलाई निर्देशन दिनुभयो । अनुगमनका क्रममा पोखरा कार्यालयका उपनिर्देशकहरुका साथै निर्माण कम्पनीका प्रतिनिधि तथा इञ्जिनियरहरुको उपस्थिति रहेको थियो ।

# मर्जर तथा एक्विजिशन सम्बन्धी अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले पुस २८ गते काठमाडौंमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी १ (एक) दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।



उक्त कार्यक्रमलाई संबोधन गर्दै डेपुटी गभर्नर शिवराज श्रेष्ठले गाभ्ने गाभिने (मर्जर) कार्य सम्पन्न भइसकेपछि देखिएका समस्या तथा चुनौतीहरुको पहिचान गरी सोको समाधान खोज्ने क्रममा नियामक निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीचको अन्तरक्रिया कार्यक्रमले महत्वपूर्ण अर्थ राख्ने विश्वास व्यक्त गर्नुभयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई स्पष्ट पार्नुभयो । निर्देशक रमण नेपालले गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विद्यमान विनियमावलीमा भएका केही प्रमुख व्यवस्थाहरुका वारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल बैंकर्स संघका अध्यक्ष तथा मेगा बैंक नेपाल लि. का प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धमा देखिएका समस्या तथा चुनौतीहरुका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपाल बैंकर्स संघ, डेभलपमेण्ट बैंकर्स एसोसिएसन र नेपाल वित्तीय संस्था संघका पदाधिकारीहरु, विभिन्न बैक तथा वित्तीय संस्थाहरुबाट अध्यक्ष/सञ्चालक, प्रमुख कार्यकारी अधिकृत र अन्य बरिष्ठ पदाधिकारीहरु गरी कुल ५५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक सुशिल ज्ञवालीले गर्नु भएको थियो ।

# धनगढीमा वित्तीय साक्षरता कार्यक्रम

कैलाली जिल्लाको धनगढीस्थित श्री ऐश्वर्य उच्च माध्यमिक विद्यालयमा बैंक तथा वित्तीय संस्था नियमन विभागले पौष २५ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक तथा नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले कर्जा, निक्षेप, बचत, विप्रेषण, बैंकिङ सेवा लगायतका विषयहरु सम्बन्धमा विद्यार्थीहरुलाई आधारभूत ज्ञान सम्प्रेषण गर्नुभयो । धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले धन्यवाद ज्ञापन गर्नुभयो । उहाँहरुले विद्यार्थीहरुले राखेका आर्थिक, बैंकिङ तथा वित्तीय क्षेत्र सम्बन्धी जिज्ञासालाई पनि प्रष्ट पार्नुभयो । उपनिर्देशक रमेश आचार्यले कार्यक्रम आयोजनाको उद्देश्य माथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा उच्च माध्यमिक तहका (ऐश्वर्य उ. मा. वि. का ४०, पञ्चोदय उ. मा. वि. का ३० र शारदा उ. मा. वि. का ३० गरी १०० जना) विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रमका सभापति ऐश्वर्य उच्च मा. वि. का प्राचार्य धर्मदेव भट्टले कार्यक्रमको सराहना गर्दै कार्यक्रमको आयोजनाका लागि नेपाल राष्ट्र बैंक लगायत सम्बद्ध सबैलाई धन्यवाद दिनु भएको थियो । कार्यक्रमको सञ्चालन बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक केशवप्रसाद तिमिल्सिनाले गर्नु भएको थियो ।



# धनगढीमा र पोखरामा तथ्याङ्क सम्बन्धी गोष्ठी

बैंक तथा वित्तीय संस्था नियमन विभागले धनगढी कार्यालयमा पौष २४ गते मध्य पश्चिम तथा सुदूर पश्चिम विकास क्षेत्रका वित्तीय संस्थाका CEO/NRB Reporting cell मा कार्यरत कर्मचारीहरु सहभागी गराई तथ्यांक सम्बन्धी गोष्ठी सम्पन्न गऱ्यो ।



बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक तथा नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त गोष्ठीमा पहिलो सत्रमा निर्देशक रमण नेपालले कार्यक्रमको औचित्य माथि प्रष्ट पार्दै स्वागत मन्तव्य राख्नुभयो । सहायक निर्देशक टेकनाथ पोखरेलले तथ्यांक सम्बन्धी विद्यमान Reporting Online तथा Offline व्यवस्था, निर्देशिकामा व्यवस्था भएअनुसार Reporting Categories, Reporting को वर्तमान स्थिति, सुधार तथा सम्भावनाका बारेमा प्रस्तुति दिनुभयो ।

गोष्ठीको दोस्रो सत्रमा कार्यकारी निर्देशक पौडेलले Existing Directive and Regulatory Provisions विषयमा विचार प्रस्तुत गर्दै नियमन जारी गरिने अभ्यास र आवश्यकता एवम् विद्यमान व्यवस्थाका बारेमा प्रकाश पार्नुभयो । जारी निर्देशन पालनाको अनुगमन गर्न नियमित तथ्यांक आवश्यक पर्ने धारणा पनि उहाँले राख्नुभयो । निर्देशक रमण नेपालले Supervisory Process and Compliance on Reporting विषयमा विचार राख्दै सुपरिवेक्षणको औचित्यता, वर्तमान अभ्यास र तथ्यांकसंग यसको आबद्धता बारेमा स्पष्ट पार्नुभयो । धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले Financial Inclusion and role of Regional level FIs in National Economy विषयमा विचार राख्दै उक्त क्षेत्रको वर्तमान बैंकिङ अवस्था, वित्तीय पहुंचको आवश्यकता लगायतका सम्बन्धमा स्पष्ट पार्नु भएको थियो । गोष्ठीको सञ्चालन उपनिर्देशक केशवप्रसाद तिमिल्सिनाले गर्नु भएको थियो ।

माघ १४ गते बैंक तथा वित्तीय संस्था नियमन विभागले पोखरामा तथ्याङ्क सम्बन्धी गोष्ठीको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नियमन सम्बन्धी विद्यमान व्यवस्थाका बारेमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले संक्षिप्त प्रस्तुति पेश गर्नुभयो । उहाँले सहभागीहरुबाट उठाइएका विभिन्न विषयका सम्बन्धमा पनि स्पष्ट पार्नुभयो । निर्देशक बिमलराज खनालले स्वागत मन्तव्य दिनुभयो । पोखरा कार्यालयका कायम मुकायम निर्देशक अमर अधिकारीले पनि मन्तव्य राख्नुभयो । सहभागीहरुका तर्फबाट गरिमा विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले मन्तव्य राख्नुभयो ।



कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक खनाल, उपनिर्देशक निर्मलकुमार कार्की र सहायक निर्देशक टेकनाथ पोखरेलले तथ्याङ्क संकलन तथा प्रशोधनसँग सम्बन्धित विभिन्न पक्षहरुमा वार्ता प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा पोखरा क्षेत्रस्थित "ख", "ग" र "घ" वर्गका १६ वटा वित्तीय संस्थाहरुबाट प्रमुख कार्यकारी अधिकृत तथा तथ्याङ्क सम्बन्धी पदाधिकारीहरु गरी जम्मा ३२ जनाको सहभागिता रहेको थियो ।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ को प्रत्येक महिनामा एउटाका दरले वर्षभरिमा जम्मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप माघ १८ गते सातौं कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा Kansas State University, USA का प्रोफेसर डा. कृष्ण पोखरेलले Scale and Scope Economies for Agricultural Cooperatives विषयमा प्रस्तुति दिनुभयो । उक्त ज्ञान आदानप्रदानसँग सम्बन्धित सामग्री home.nrb.org.np मा राखिएको छ ।

## सरुवा तथा पदस्थापन

बैंकिङ कार्यालयका सहायक निर्देशक टीकाप्रसाद चौलागाईंको मुद्रा व्यवस्थापन विभागमा सरुवा भएको छ ।

मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मनोजकुमार थापाको वित्त कम्पनी सुपरिवेक्षण विभागमा तथा सहायक निर्देशकहरु गभर्नरको कार्यालयका राधाकृष्ण पुडासैनी र जनशक्ति व्यवस्थापन विभागका हरिदास वैष्णवको कार्यरत रहेकै कार्यालय/विभागमा पदस्थापन भएको छ ।

# स्टेट बैंक अफ पाकिस्तानसँग जानकारी आदानप्रदान गर्ने सहमति

नेपाल राष्ट्र बैंक र पाकिस्तानको केन्द्रीय बैंक स्टेट बैंक अफ पाकिस्तान बीच सुपरिवेक्षकीय सूचना आदानप्रदान गर्ने तथा बैंक सुपरिवेक्षणका क्षेत्रमा सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले माघ २७ गते एक सहमतिपत्र (Memorandum of Understanding-MoU) मा हस्ताक्षर भयो ।



उक्त सहमतिपत्रमा नेपाल राष्ट्र बैंकका तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ र स्टेट बैंक अफ पाकिस्तानका तर्फबाट कार्यकारी निर्देशक सायिद इरफान अलीले हस्ताक्षर गर्नुभयो । स्टेट बैंक अफ पाकिस्तानको केन्द्रीय कार्यालय कराँचीमा सम्पन्न भएको उक्त हस्ताक्षर कार्यक्रममा दुई देशका पदाधिकारीहरु बीच आ-आफ्नो केन्द्रीय बैंकद्वारा जारी गरिएका नियमन, सुपरिवेक्षण तथा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी नीति निर्देशनका बारेमा समेत छलफल भयो ।

आ-आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताका आधारमा सहयोगको आदानप्रदान तथा सो प्रयोजनका लागि प्राप्त जानकारी वा सूचना भंग नहुने गरी सूचना/जानकारी आदानप्रदान गर्न सक्ने कानुनी व्यवस्था अनुरुप उक्त सम्झौता भएको हो ।

सुपरिवेक्षण अधिकारीहरु बीच पारस्परिक सहयोग, सद्भाव र सम्बन्ध विस्तार गर्ने तथा सुपरिवेक्षकीय जानकारी एवम् सूचना आदानप्रदान गर्ने उद्देश्यले अन्य मुलुकका सुपरिवेक्षण अधिकारीहरुसँग समेत यस्तो सहमति गर्दै जाने नीति नेपाल राष्ट्र बैंकको रहेको छ । यस अघि भारतको केन्द्रीय बैंक रिजर्व बैंक अफ इण्डिया, चीनको China Banking Regulatory Commission (CBRC) र बंगलादेशको केन्द्रीय बैंक बंगलादेश बैंकसँग यस किसिमको सम्झौता भइसकेको छ ।

# लेखा निर्देशिका सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

वित्त व्यवस्थापन विभागको आयोजनामा “लेखा निर्देशिका” सम्बन्धी एक दिने कार्यशाला गोष्ठी  माघ २१ गते बैंकर्स प्रशिक्षण केन्द्रको सभाहल, थापाथलीमा सम्पन्न भयो ।

उक्त गोष्ठीमा वित्त व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक डा. वामदेव सिग्देलले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्य बारे प्रकाश पार्नुभयो । उहाँले लेखा निर्देशिकामा भएका व्यवस्थाहरुका सम्बन्धमा अभ्यस्त गराउन यस किसिमका कार्यक्रमहरु फलदायी हुने हुँदा आगामी दिनमा बैंकको लेखाङ्कन कार्यमा थप सहजता मिल्ने आशा पनि व्यक्त गर्नुभयो । निर्देशक तेजबहादुर रानाले कार्यशाला सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहभागीहरु, बैंकर्स प्रशिक्षण केन्द्र एवम् कार्यपत्र प्रस्तोताहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । सूचना प्रविधि विभागका का. मु. निर्देशक शिवराम दवाडीले G.L.Olympic Banking System बारे कार्यपत्र प्रस्तुत गर्दै कर्मचारीहरुले G.L.System मा लेखाङ्कन गर्ने क्रममा ध्यान दिनुपर्ने कुरा बारे प्रकाश पार्नुभयो ।




परिमार्जित लेखा निर्देशिकाबारे सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने तथा थप सुझाव संकलन गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक मीना पाण्डेले लेखा निर्देशिका भाग १ र २ तथा बैंकिङ कार्यालयका सहायक निर्देशक माधवप्रसाद पोखरेलले भाग ३ को सन्दर्भमा कार्यपत्र प्रस्तुत गरी प्रस्तावित लेखा निर्देशिकामा भएका परिमार्जनहरुका बारेमा कार्यपत्रको माध्यमबाट सहभागीहरुलाई सैद्धान्तिक तथा व्यावहारिक पक्षहरुको जानकारी प्रदान गर्नु भएको थियो । गोष्ठीको सञ्चालन वित्त व्यवस्थापन विभागका उपनिर्देशक प्रियंका वस्न्यातले गर्नु भएको थियो ।

गोष्ठीमा विदेशी विनिमय व्यवस्थापन विभाग, सामान्य सेवा विभाग, बैंकिङ कार्यालय, मुद्रा व्यवस्थापन विभाग र वित्त व्यवस्थापन विभागका गरी जम्मा ५० जना कर्मचारीहरुको सहभागीता रहेको थियो ।

## ग्रामीण स्वावलम्बन कोष सम्बन्धी अन्तरक्रिया

ग्रामीण स्वावलम्बन कोषबाट महोत्तरी जिल्लामा प्रवाहित कर्जाका सन्दर्भमा जिल्लामा रहेका सहकारी संस्थाहरु मध्येबाट करिव ५० जनाको सहभागितामा ग्रामीण स्वावलम्वन कोष विषयक अन्तरक्रिया कार्यक्रम पुस २८ गते बर्दिबासमा सम्पन्न भयो ।



सो अन्तरक्रिया कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक तथा अन्तरक्रिया कार्यक्रमका सभापति तुलसीप्रसाद घिमिरेले सहकारी क्षेत्रको भूमिका र वर्तमान अवस्थाका बारेमा चर्चा गर्दै ग्रामीण स्वावलम्बन कोषका विविध पक्षमा प्रकाश पार्नुभयो । उपनिर्देशक रामवृक्ष पण्डितले ग्रामीण स्वावलम्वन कोषको कर्जा प्रवाहको अवस्थाको सम्बन्धमा जानकारी दिनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक डिलाराम सुवेदिले ग्रामीण स्वावलम्बन कोषको औचित्य, उद्देश्य र क्रियाकलापका साथै कर्जा प्राप्त गर्न आवश्यक पर्ने कागजातका बारेमा पनि जानकारी गराउनु भयो ।

उक्त कार्यक्रममा डिभिजन सहकारी कार्यालय, धनुषाका कार्यालय प्रमुखले सहकारी संस्थाहरुलाई कोषबाट प्राप्त हुने कर्जाले ग्रामीण भेगमा रहेका गरिब जनताहरुको जीवनस्तर उकास्न सघाउ पुगेको बताउनु भएको थियो । सहकारी संघ, महोत्तरीका अध्यक्षले ग्रामीण स्वावलम्वन कोषाबाट सुलभ रुपमा कर्जा उपलब्ध हुनु पर्ने र यस्ता कार्यक्रम ग्रामीण स्तरसम्म पुऱ्याउनु पर्नेमा जोड दिनु भएको थियो ।

## नोटकोष संचालन सम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले निर्देशक रामु पौडेलको सभापतित्वमा पुस २५ गते नोटकोष संचालन सम्बन्धी एक दिने अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गऱ्यो ।



उक्त कार्यक्रममा निर्देशक पौडेलले सहभागीहरुले उठाउनु भएको जिज्ञासाहरुलाई सम्बोधन गर्दै भुक्तानी तथा फछ्र्यौट प्रणालीलाई सुदृढ बनाई मौद्रिक नीतिको प्रसारण संयन्त्र प्रभावकारी बनाउन र वित्तीय स्थायित्व कायम गर्न नोटकोषहरुको महत्वपूर्ण भूमिका रहेकोले नोटकोषहरुको कार्य प्रणालीमा आधुनिकीकरण गर्नुपर्ने विचार राख्नुभयो । उपनिर्देशक डा. रामशरण खरेलले नोटकोष संचालन सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नुभयो । उपनिर्देशक सिर्जना बाँस्तोलाले नोटकोष सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उपनिर्देशक मनोहर बस्नेतले स्वागत मन्तव्य राख्नुभयो । कार्यक्रममा सहभागीहरुको तर्फबाट राष्ट्रिय वाणिज्य बैंक भद्रपुरका प्रबन्धक शान्ता बरालले मन्तव्य दिनुभयो ।

कार्यक्रममा नोटकोष संचालनमा देखिएका व्यावहारिक तथा सैद्धान्तिक कठिनाइ तथा आगामी दिनमा नोटकोष संचालनमा थप प्रभावकारिता ल्याउन चाल्नुपर्ने महत्त्वपूर्ण कदमहरुबारे बृहत् रुपमा छलफल भएको थियो । विराटनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ११ वटा नोटकोष रहेका वाणिज्य बैंकका प्रबन्धक, खजान्ची तथा प्रतिनिधिहरुका साथै विराटनगर कार्यालयका कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको सो कार्यक्रमको संचालन संजेवकुमार राईले गर्नुभएको थियो ।

## एकीकृत कारोबार

टुरिजम डेभलपमेण्ट बैंक लिमिटेडले कालिञ्चोक डेभलपमेण्ट बैंक लिमिटेड र मातृभूमि विकास बैंक लिमिटेडलाई सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेको छ । पुस २४ गतेदेखि उक्त तीनवटै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार टुरिजम डेभलपमेण्ट बैंक लिमिटेडको नामबाट सञ्चालन भएको छ ।

सानिमा बैंक लिमिटेडले बागमती डेभलपमेण्ट बैंक लिमिटेडलाई सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेको छ । पुस २९ गतेदेखि उक्त दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार सानिमा बैंक लिमिटेडको नामबाट सञ्चालन भएको छ ।

लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो विकास बैंक लिमिटेडलाई सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेको छ । माघ २ गतदेखि उक्त दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार लक्ष्मी बैंक लिमिटेडको नामबाट सञ्चालन भएको छ ।

# विदाई कार्यक्रम



बैंकमा ३० वर्षको सेवा पूरा गरी अनिवार्य अवकाश पाउनु भएका गभर्नरको कार्यालयका उपनिर्देशक सरिता पौडेल र कार्यालय सहयोगी प्रथम शिवप्रसाद खतिवडालाई माघ ९ गते विदाई गरियो ।

गभर्नरको कार्यालयमा आयोजित उक्त विदाई कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले सुखमय सेवा निवृत्त जीवनको कामना गर्दै उहाँहरुलाई विदाईको चिनो प्रदान गर्नुभयो । डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले विदाईसँग सम्बन्धित कविता सुनाउनु भयो । कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठको पनि समुपस्थिति थियो ।

सो कार्यक्रममा सेवा निवृत्त दुवैजनाले आ-आफ्नो कर्मचारी जीवनका अनुभवहरु सुनाउनु भएको थियो । उपनिर्देशक पौडेलले 'तीर्थ' शीर्षकको (३० वर्ष सेवा पुऱ्याएको संस्था ने. रा. बैंकलाई तीर्थ मानी) कविता वाचन गर्नु भएको थियो । गभर्नरको कार्यालयका कर्मचारीहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

## अरुण फाइनान्स लिमिटेड समस्याग्रस्तबाट फुकुवा

नयाँ लगानीकर्ताहरुले प्रवेश गरे पश्चात् Calls in Advance सहित पुँजी रु. २२ करोड ३३ लाख पुऱ्याएको, संपूर्ण निक्षेपकर्ताहरुलाई निक्षेप फिर्ता भुक्तानी गर्ने सम्बन्धी सूचना जारी गरेको, २०७३ असार महिनाको वित्तीय विवरण अनुरुप पुँजीकोष २४.८८ प्रतिशतले धनात्मक रहेको तथा नयाँ लगानीकर्ताहरुको तर्फबाट संचालक समितिको गठन गरी संस्था संचालन भइरहेकाले अरुण फाइनान्स लिमिटेडलाई देहायका शर्तहरू सहित समस्याग्रस्तबाट हटाइएको छ ।

१. संस्थाको प्रवन्धपत्र तथा नियमावली प्रचलित कानुन बमोजिम परिमार्जित गरी ३० दिन भित्र नेपाल राष्ट बैंकमा पेश गर्नुपर्ने ।
२. पुँजी वृद्धि योजना तथा भावी व्यावसायिक योजना तयार गरी ३० दिनभित्र नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने ।
३. वित्तीय श्रोत संकलन सम्बन्धमा नेपाल राष्ट बैंकबाट जारी निर्देशन बमोजिम गर्नुपर्ने ।
४. संस्थाको Credit Policy Guidline अद्यावधिक गरी लागु गर्नुपर्ने ।
५. रु. २५ लाखभन्दा बढीको कर्जा प्रवाह नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतिमा मात्र गर्नुपर्ने ।
६. संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने ।
७. नेपाल राष्ट बैंकले विगतमा दिएका निर्देशनहरु तथा संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट बैंकबाट जारी निर्देशनको पूर्ण पालना गर्नुपर्ने ।
८. खराव कर्जालाई क्रमिक रुपमा तोकिएको ५ प्रतिशतको सीमामा ल्याउनु पर्ने ।
९. संस्थाको सञ्चित नोक्सानी क्रमिक रुपमा तोकिएको मापदण्डमा ल्याउनु पर्ने ।

## बाराको कोल्हबीमा वित्तीय चेतना कार्यक्रम

गभर्नरको कार्यालयको सहयोगमा पुस २७ गते साना किसान कृषि सहकारी संस्था, डुमरबाना बाराको आयोजनामा एक दिने वित्तीय साक्षरता तालिम कार्यक्रम बाराको कोल्हबीमा सम्पन्न भयो ।



उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक वीरगञ्ज कार्यालयका कायम मुकायम उपनिर्देशक भागवत आचार्यले वित्तीय चेतनासम्बन्धी प्रशिक्षण दिनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुबाट सर्वसाधारण जनताले अधिकतम लाभ लिन सकून् भन्ने उद्देश्य राखी नेपाल राष्ट्र बैंकले महत्त्वका साथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिरहेको बताउनु भयो ।

ग्रामीण क्षेत्रका जनतामा वित्तीय चेतना अभिवृद्धि गरी संभाव्य उद्यम मार्फत जीवनस्तर अभिवृद्धि गर्ने कार्यमा सम्बन्धित क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था लगायतको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्दै उहाँले विप्रेषण, बचत, कर्जा, लघुवित्त, बैंक नोट लगायतका विषयमा विस्तृत प्रकाश पार्नुभयो ।

कार्यक्रममा सहकारीका सदस्य तथा विद्यार्थी गरी १७५ जनाको सहभागिता रहेको थियो ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

(आर्थिक वर्ष २०७३/७४ को छ महिनासम्मको तथ्याङ्कमा आधारित)

## मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.२ प्रतिशतमा ओर्लेको छ। उपभोक्ता मुद्रास्फीति पहाडमा ५.७ प्रतिशत, हिमालमा ४.२ प्रतिशत, तराईमा २.८ प्रतिशत, र काठमाडौं उपत्यकामा १.९ प्रतिशत रहेको छ। वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर १.८ प्रतिशत रहेको छ। नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर शून्य रहेको छ।

## वैदेशिक व्यापार/शोधनान्तर

कुल वस्तु निर्यात रु. ३६.२७ अर्ब र कुल वस्तु आयात रु. ४६४.६१ अर्ब पुगेको छ। कुल वस्तु व्यापार घाटा रु. ४२८.३३ अर्ब र निर्यात-आयात अनुपात ७.८ प्रतिशतमा रहेको छ। समग्र शोधनान्तर रु. ४५.०२ अर्बले बचतमा छ। पूँजीगत ट्रान्सफर रु. ७.९३ अर्ब र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ७.३९ अर्ब रहेको छ।

## सेवा, विप्रेषण र चालू खाता

खुद सेवा आय बचत रु. ४.२९ अर्ब, विप्रेषण आप्रवाह रु. ३४२.२३ अर्ब र खुद ट्रान्सफर आय रु. ३९९.९८ अर्ब पुगेको छ। वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या गत वर्षको सोही अवधिको तुलनामा ९.९ प्रतिशतले घटेको छ। चालू खाता रु. १.०८ अर्बले घाटामा गएको छ।

## विदेशी विनिमय

कुल विदेशी विनिमय सञ्चिति रु. १०८८.८५ अर्ब रहेको छ। कुल सञ्चितिमा भारतीय मुद्राको अंश २१.९ प्रतिशत रहेको छ। समीक्षा अवधिसम्मको आयातलाई आधार मान्दा सञ्चितिले १४.३ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४८.५ प्रतिशत, १०३.५ प्रतिशत र ४४.९ प्रतिशत रहेका छन्

## सरकारी बजेट/खर्च/राजस्व

नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ८०.३७ अर्बले बचतमा रहेको छ। नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. २४८.२० अर्ब र चालू खर्च रु. १९६.४७ अर्ब पुगेको छ। पुँजीगत खर्च रु. ३०९७ अर्ब छ। नेपाल सरकारको कुल राजस्व सङ्कलन रु. २७७.५७ अर्ब पुगेको छ। नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. २१७.६१ अर्ब नगद मौज्दात कायम रहेको छ।

## मुद्राप्रदाय

विस्तृत मुद्राप्रदाय ८.१ प्रतिशतले (वार्षिक बिन्दुगत आधारमा १८.५ प्रतिशतले) बढेको छ। खुद वैदेशिक सम्पत्ति रु. ४५ अर्ब २ करोडले बढेको छ। सञ्चित मुद्रा १.४ प्रतिशतले (वार्षिक बिन्दुगत आधारमा ५.४ प्रतिशतले), कुल आन्तरिक कर्जा ६ प्रतिशतले (वार्षिक बिन्दुगत आधारमा २४ प्रतिशतले) बढेको छ।

## निक्षेप सङ्कलन र कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ७.२ प्रतिशतले (वार्षिक बिन्दुगत आधारमा २०.८ प्रतिशतले) बढेको छ। कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.२ प्रतिशत, ४२.१ प्रतिशत र ३२.७ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुको निजी क्षेत्रतर्फ लगानीमा रही रहेको कर्जा १२.९ प्रतिशतले (वार्षिक बिन्दुगत आधारमा ३२ प्रतिशतले) बढेको छ।

बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.६ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.३ प्रतिशत कर्जा चालू सम्पत्तिको धितोमा प्रवाह भएको छ। कुल लगानीमा रहेको कर्जामा घर जग्गा कर्जाको अंश १५.१ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा कुल कर्जाको २.७ प्रतिशत (रु. ४२.७३ अर्ब) छ भने ट्रष्ट रिसिट (आयात) कर्जा ६.४ प्रतिशत (रु. ४.६२ अर्ब) छ।

## तरलता व्यवस्थापन

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले रिपो बोलकबोलमार्फत् रु. १५.४० अर्ब तरलता प्रवाह गरेको छ। वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले रु. १३.९८ अर्बको स्थायी तरलता सुविधा उपयोग गरेका छन्। नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २.०४ अर्ब खुद खरिद गरी रु. २१९.३५ अर्ब खुद तरलता प्रवाह गरेको छ। खुलाबजार कारोबार मार्फत् रु. १०१.१० अर्ब तरलता प्रशोचन गरिएको छ।

## अन्तर-बैंक कारोबार र ब्याजदर

समीक्षा अवधिमा वाणिज्य बैंकहरूले रु. ५९५.५९ अर्ब र अन्य वित्तीय संस्थाहरूले रु. १९७.९३ अर्बको अन्तर-बैंक कारोबार गरेका छन्। ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर १.७४ प्रतिशत कायम भएको छ। वाणिज्य बैंकहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २.७१ प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ५.५३ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ५.३३ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर ७.१ प्रतिशत कायम हुन आएको छ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६